कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
# उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

## कोशेली गृह सञ्चालन तथा व्यवस्थापन गर्नका लागि प्रस्ताव आव्हानको सूचना

यस निर्देशनालय मातहत वीरेन्द्रनगर नगरपालिका वडा नं.६ हटियालाईन सुर्खेतमा रहेको कोशेली गृह देहायको प्राथमिकताक्रममा रहेका संघ, समूह वा संगठन मार्फत सञ्चालन गर्न भाडामा उपलब्ध गराउनु पर्ने भएकोले भाडामा लिई सञ्चालन तथा व्यवस्थापन गर्न इच्छुक र योग्य उद्यमी संघ, समूह वा संगठनले यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र यस निर्देशनालयमा सो सम्बन्धी प्रस्ताव पेश गर्न यो सूचना प्रकाशन गरिएको छ।

शर्तहरुः

१. कोशेली गृह सञ्चालन तथा व्यवस्थापन देहायको प्राथमिकताको आधारमा गरिनेछः
   क. लघु उद्यमी संघ मार्फत,
   ख. लघु औद्योगिक ग्राममा उद्योग सञ्चालन गर्ने उद्यमीको समूह मार्फत,
   ग. जिल्ला स्थित आर्थिक पूर्वाधार, प्रशासनिक स्रोत साधन र आवश्यकता अनुसारको मानव जनशक्ति भएको उद्यमी व्यवसायीको संघ वा संगठन मार्फत।

२. क्र.सं. (१) को खण्ड (ख) बमोजिमको उद्यमीको समूहको हकमा देहाय बमोजिमको योग्यता भएको हुनुपर्नेछः
   क. ग्रामभित्र अवस्थित उद्योगका उद्योगीहरुको समूहबाट सञ्चालन हुने गरी साझेदारी फर्म दर्ता भएको,
   ख. ग्राममा उद्योग सञ्चालन गर्ने कम्तीमा तीस प्रतिशत उद्यमीको सहभागिता भएको,
   ग. कम्तीमा पचास लाख रुपैया वरावरको पूँजी लगानी भएको समूह,
   घ. आन्तरिक राजश्व कार्यालयमा कर दर्ता भई अद्यावधिक भएको।

३. प्रस्ताव पेश गर्दा कोशेली गृह सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ को दफा ३ बमोजिमका फर्म, संघ वा संगठनले आफ्नो व्यवसायिक योजना सहितको प्रस्ताव र देहाय बमोजिमका कागजातहरु संलग्न राख्नु पर्नेछः
   क. प्रस्ताव सहितको व्यवसायिक कार्ययोजना,
   ख. प्रोप्राइटर फर्म (उद्योग) को सञ्चालक भए निजको एकल प्रस्ताव, साझेदार फर्मको सञ्चालक मध्येको सदस्य भए अन्य साझेदारहरुको मञ्जुरीनामा,
   ग. प्राइभेट लिमिटेड वा पब्लिक लिमिटेड कम्पनीको सञ्चालक मध्येको सदस्य भए कम्पनीको सञ्चालक समितिको सिफारिस संलग्न गर्नुपर्ने र उक्त कम्पनी अनिवार्य रुपमा कर्णाली प्रदेश सरकार मातहतको उद्योग कार्यालयमा दर्ता भएको हुनुपर्ने।

निर्देशक

चौकुने गाउँपालिका
गुट्टु, सुर्खेत
दर्ता नम्बर : १२९
दर्ता मिति : २०८२।४।२८

४. प्राप्त प्रस्तावहरुमध्ये कोशेली गृह सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ को दफा ७ बमोजिमको सञ्चालक समितिले सोही कार्यविधिको दफा ३ बमोजिमका प्राथमिकता र सञ्चालक समितिले प्रस्ताव छनौटका लागि तयार गरेको वस्तुगत मापदण्डको आधारमा उपयुक्त प्रस्ताव छनौट गर्नेछ।

५. कोशेली गृहको भाडादर मासिक रु.१,३६,३१२।– (बहाल कर बाहेक) हुनेछ।

६. कोशेली गृह सञ्चालन तथा व्यवस्थापनका लागि छनौटभएका उद्यमीहरुसँग सम्झौता गर्दा सञ्चालक समितिले निर्धारण गरेका अन्य शर्तका अतिरिक्त मापदण्डको दफा ६ को उपदफा (१) मा उल्लेखित न्यूनतम शर्तहरु तोकिनेछ र त्यस्ता शर्तहरुको पालना नगरेमा सञ्चालक समितिले आवश्यक जाँचवुझ गरी उद्यमीसँग भएको सम्झौता रद्द गर्न सक्नेछ।

७. निर्देशनालयले छनौट भएका उद्यमीसँग सम्झौता गर्दा प्रचलित कानून बमोजिम लाग्ने बहालकर अग्रिम रुपमा कट्टा गरी लिनेछ।

८. उद्यमीसँग गरिने सम्झौताको अवधि बढीमा पाँच वर्षको हुनेछ र त्यस्तो अवधि एक पटकको लागि पाँच वर्ष थप हुन सक्नेछ।

९. सञ्चालक समितिले प्रत्येक पाँच वर्षमा भाडाको प्रचलित जिल्ला दररेटको आधारमा भाडामा पुनरावलोकन गर्नेछ।

१०. प्रस्ताव पेश गर्ने अन्तिम दिन २०८२ भाद्र १० गते हुनेछ र उक्त दिन सार्वजनिक विदा परे कार्यालय खुलेको पहिलो दिन प्रस्ताव पेश गर्नुपर्नेछ।

निर्देशक

CS CamScanner